बटेश्वर गाँउपालिका

# जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०८१

बटेश्वर गाँउपालिका

गाँउ कार्यपालिकाबाट स्वीकृत मितिः – २०८१/०८/०३

प्रमाणीकरण मिति : – २०८१/०८/०४

**बटेश्वर गाँउपालिका**

**बटेश्वर,धनुषा**

**मधेश प्रदेश,नेपाल**

**२०८१**

# बटेश्वर गाँउपालिका

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०८१

१. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. २१ बमोजिमको कार्य गर्न बटेश्वर गाँउपालिकाको गाँउकार्यपालिकाको निर्णयबाट यो ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०८१, जारी गरिएको छ। यो निर्देशिका कार्यपालिका बाट स्विकृत भएको मिति बाट लागू हुनेछ।

२. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगाँयत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा गाँउेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

६. परिचय-पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र सम्बन्धित वडा कार्यालयको सिफारिसमा ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

८. परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाँ.पा. को कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

९. विविध :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही  प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

छेदगाड नगरपालिका

**अनुसूची १**
**ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा**

**बटेश्वर गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**बटेश्वर,धनुषा**
**मधेश प्रदेश, नेपाल**

**ज्येष्ठ नागरिक परिचय-पत्र**

फोटो

प.प. नं. :-

नाम थरः ..........................................

ना.प्र.न.: ............................

ठेगाँनाः जिल्ला .......................न.पा.: ..........................

वडा नं.: ........... टोल/गाँऊँः ........

उमेरः .......... लिङ्गः ..........

उपलब्ध छुट तथा सुविधाहरु : ..................................

पति/पत्नीको नाम : .......................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ........................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाँना, मोवाइल नं. :........................................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम : ..........................................

**प्रमाणित गर्ने अधिकृतको :-**
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

बटेश्वर गाँउपालिका